"गौरादह नपा को सहकारी ऐन २०७५" पहिलो संसोधन विधेयक २०७६

प्रस्तावना: गौरादह नपा को राजपत्रमा प्रकाशित भई लागु भएको गौरादह नपाको सहकारी ऐन २०७५ लाई समयानुकुल संसोधन गर्न वान्छनिय भएकाले

"गौराहद नपा को सहकारी ऐन २०७५" मा पहिलो संसोधन २०७६ गौरादह नपा को राजपत्रमा प्रकाशन भएपछी लागु हुनेछ।

| | मूल ऐनमा भएको व्यवस्था | मूल ऐनमा भएको संशोधन प्रस्ताव |
|---|---|---|
| १ | दफा २ को परिभाषा खण्डको (प) पछी खण्ड (फ) थप गर्ने | उपदफा २ को परिभाषा खण्डको (फ) थप गरि 'मुल ऐन भन्नाले' **गौरादह नपा को सहकारी ऐन २०७५** लाई सम्झनु पर्दछ र संशोधन भन्नाले यस विधयेक अन्तरगत हटाइएका र थप गरिएका ब्यब्स्था र शब्दहरुलाई जनाउछ |
| २ | दफा २ को परिभाषा खन्डको (छ) मा सस्थाले संचालन गरेको ......सम्झनुपर्छ | दफा २ को (छ) को सस्थाले भन्ने शब्दपछी 'विषयगत सहकारीको मुल उधेश्य अनुसारको कारोवार सदस्यहरुमा लगानी गरेको परियोजनालाई पनि गणना गरिने छ' सो पछि वा शब्द थप गर्ने भन्ने शब्द थप गर्ने |
| ३ | दफा ९ को उपदफा १ को खन्ड (क) वढीमा ३ वटा वडा सम्म | दफा ९ को उपदफा १ खण्ड (क) को वढी ३ वडा भन्ने शब्द हटाइ 'स्थानीय तह' भन्ने शब्द थप गर्ने |
| ४ | दफा २० को उपदफा (१) खण्ड (ख) देखि (च) सम्म उल्लेख भएको | दफा २० को उपदफा (१) को खण्ड (क) थपगरि 'सस्थाको कार्यक्षेत्र भित्र वसोवास भएको' भन्ने शब्द थप गर्ने |
| ५ | दफा ३० को उपदफा ५ को ऐनमा व्यबस्था नभएको | दफा ३० को उपदफा ४ पछिको तर भन्ने शब्द हटाई '५' थप गर्ने |
| ६ | दफा ३९ को उपदफा ३ मा सदस्यहरुलाई प्रदान गर्ने ऋणमा र-सेवा शुल्क र नविकरण शुल्क लिन पाईने छैन। | दफा ३९ को उपदफा (३) को ऋणमा भन्ने शब्द पछि १% सेवा शुल्क भन्ने शब्द पछि 'लगाउन सक्नेछ भन्ने' शब्द थप गर्ने र लेखिएको ठाऊमा 'र' लाई हटाई 'तर' भन्ने शब्द थप गर्ने |
| ७ | दफा ३९ को उपदफा ७ मा पुजिकोषको दस गुणा सम्म वचत संकलन गर्न सक्नेछ | दफा ३९को उपदफा ७ मा पुँजिकोष पछिको दस शब्दलाई झिकि 'वीस' वनाउने |

०७६।८।१२

रोहित ... शाह

नगर ...

Scanned by CamScanner

| | | |
|---|---|---|
| ८ | दफा ४१ मा सदस्यको व्यक्तिगत वचतको सिमा ३० लाख हुनेछ | दफा ४१ को ३० लाख सम्म हुनेछ भन्ने शब्द झिकि सम्बन्धित संस्थाको विनियमले तोके वमोजिम हुनेछ भन्ने शब्द थप गर्ने |
| ९ | दफा ६५ को उपदफा २ मा उपदफा (१) बमोजिम एकिकरण वा बिभाजन गर्दा सम्बन्धित संस्थाको कुल कायम रहेको सदस्य संख्याको दुइ तिहाई वहुमत वाट निर्णय हुनु पर्नेछ। | दफा ६५ को उपदफा २ मा रहेको वमोजिम एकिकरण भन्ने शब्द पछीको वा विभाजन भन्ने शब्द हटाई सोहि उपदफाको सदस्य संख्या पछीको दुइ तिहाई भन्ने शब्द हटाउने<br><br>दफा ६५ को उपदफा २ कै वमहुमत वाट निर्णय हुनु पर्नेछ भन्ने शब्द पछी तर विभाजन गर्ने परेमा कुल कायम रहेको सदस्यहरु मध्ये दुइ तिहाइ सदस्यहरुको वहुमत वाट निर्णय हुनुपर्नेछ भन्ने शब्द थप गर्ने |

०७६।८।१५

रोहितकुमार शाह
नगर प्रमुख

Scanned by CamScanner